# २०

त्यहाँबाट उठाइएको र कतै लगिएको ओनेसिमसलाई थाह भइरहेको थियो; दर्दनाक उथलपुथल, गुनगुनाइएका आवाजहरू सुनेको, त्यसपछि एकाएक शान्त र सन्नाटा भएको उसलाई याद थियो; त्यसपछि भोलिपल्ट नभएसम्म उसले अरू केही चाल पाएन। जुन बेला दिउँसोको घामले दाखका थाँक्राहरूले भरिएको प्राङ्गणमा सुनौला रूपरेखाहरू कोरिरहेको थियो, त्यस बेला ऊ बिउँझ्यो। त्यस आगनतिर खुलिरहेको सानो कोठामा ऊ एउटा ओछ्यानमा पल्टिरहेको थियो। रक्तस्रावले अति नै कमजोर भएर ऊ लामो समयसम्म नचली बसेको थियो र जे भएको थियो, त्यस कुराको विस्तारै सम्झना गर्दैथियो। उसको दाग लागेको बैजनी र सुनौला वस्त्र हटाइएको थियो, अनि उसलाई नुहाइएको थियो र एउटा कोमल सेतो मलमल लुगा पहिराइएको थियो। सारा रगत धोइएकोमा ऊ खुशी थियो। उसको पाखुरा सिपालु पाराले ठक्क मिलाइएको र काम्रो राखिएर उसको छातीमा टप्प बाँधिएको थियो अनि काँधको उसको घाउ रगत थाम्ने गरी मिलाइएको र सफा गरिएको थियो।

ऊ कहाँबाट आएर यस्तो अदन–बगैंचारूपी शान्त वातावरणमा पुगेको थियो ? उसको अन्तिम सफा सम्झना त त्यो अन्धकार र तीबर–नदीको त्यो कालो पानी थियो; त्यो जम्काभेट नभएको भए त्यस ठुस्स गन्हाउने गहिरो पानीभित्र ऊ मरेर अहिले पल्टिरहेको हुनेथियो। अक्विलालाई एउटा आशारूपी लङ्गरलाई झैं समातेको त उसले सम्झन सकेन, तर यस कुरामा

ऊ निश्चित थियो: ती अत्यासलाग्दा, धुमिल क्षणहरूमा उसले एफेससका अक्विलाज्यूको अनुहारको झलक पक्रेको थियो। उसको विचारमा, उनले चाहिँ उसलाई यहाँ ल्याएर उसको रगत थमाए र उसको जीवन बचाएका हुनुपर्छ।

तर के उसले बाँच्ने इच्छा गरेको त ? अन्य सम्झनाहरू पूर्ण प्रवाहको साथ फर्केर आए: उसको मित्रको नचल्ने शरीर त्यस कालो बालुवामा लड्रिरहेको, र त्यो साँच्चिकै मरेको होस् भन्ने कुरा पक्का गर्न यस साथीलाई यसको टाउकोमा ठूलो घनले हिर्काउन भनी मृत्यु–दूतको ठाउँ ओगट्न खोजेर आँतुर गरेको त्यस दुष्ट सेवकको दृश्य; यस ब्रिटनको क्षमाशील, अन्तिम कोमल दृष्टि र यसका सुस्तरी बोलिएका शान्तिपूर्ण शब्दहरू। ओनेसिमसले आफ्नो अनुहार भित्तातर्फ फर्कायो; कसैले पनि उसको बिजोग देख्न नपाओस् भनेर।

आगनमा पाइला टेकेको हल्का आवाज सुनेर उसले आँखा उठाएर हेर्‍यो। एउटी स्त्री उसलाई नियालेर हेर्दै उभिइरहेकी थिइन्; तिनको अनुहार उसले पहिले पनि देखेको थियो। त्यस भयङ्कर रातमा, जब उसले अर्खिपस मरेको भन्ठानेको थियो, तब तिनी ठीक यस्तै प्रकारले उसलाई यसरी हेर्दै उभिएकी थिइन्; तिनले उसलाई सान्त्वना दिएकी थिइन् र उसलाई खानपात गराएकी थिइन्।

'श्रीमती प्रिस्किल्ला!' भन्दै उसले मसिनो स्वरमा सुसायो; यो सब भएपछि के उसले आफ्नो होश गुमाएर एउटा भूत पो देखेको थियो कि भन्ने शङ्का लाग्यो।

तिनले पनि उसको अनुहार ठम्याएझैं र कहिले, कहाँ उससित भेट भएकी, सो सम्झने कोशिश गर्दै ऊतर्फ एकटकसँग हेरि नै रहिन्। तर तिनले सम्झना गर्न सकिनन् र याद नभएको कुरा जनाउन आफ्नो टाउको हल्लाइन्।

'एफेससमा,' थकित स्वरमा ओनेसिमसले भन्यो; 'त्यस रात तपाईंले मलाई वास दिनुभयो र आफ्नो सानो छोरा लेवीसँगै मलाई सुत्न राख्नुभयो, जुन रात ती यहूदी पावलले शहर छोड़ेर गएका थिए।'

'अँ, म सम्झन्छु।' तिनको चेहरा भावुक थियो; 'त्यस बेला ता तिमी एउटा मायालाग्दो, त्रासित केटा थियौ; तिमीले आफ्ना मालिकलाई

खोजिरहेका थियौ। तिमी त खूबै परिवर्तन भएछौ। तिमी कसरी रोममा आइपुग्यौ त ?'

उसले कुनै मनगढन्ते कथा अजमाएको थिएन; तर त्रासदेखि स्वतन्त्र भएको उसलाई भान भयो; किनकि यी ख्रीष्टियानहरूले उसलाई पक्का पनि धोका दिनेथिएनन्।

'मेरा मालिकले मलाई स्वतन्त्र छोड़िदिनुभयो,' उसले झूट बोल्यो; 'एउटा अन्न बोक्ने जहाजमा मेरो रोमतर्फको यात्राको निम्ति मैले काम गरें, र हालैमा रङ्गशालामा/एम्फिथियटरमा जितेर सम्मान कमाएको हुँ।'

'त्यसो भए तिमी लड्दा घाइते भएका थियौ। मैले लड़ाकुको पहिरन त चिनें। तिम्रो निक्कै रगत गएको छ। अझ जीवित भएकोमा तिम्रो सौभाग्य हो।'

'म बरु मरेको म चाहन्छु; प्रिस्किल्ला, गत रात मैले आफ्नो मित्रलाई मारें। अब मेरो निम्ति जीवन वा सम्मानको के अर्थ ?'

'ख्रीष्टमा पापको क्षमा र नयाँ जीवन छ,' तिनले नम्र स्वरमा भनिन्; 'तर अहिले तिमीले आरामै गर्नुपर्छ, त्यसपछि मण्डलीका अगुवाहरूमध्ये एकजनाले तिमीसँग कुरा गर्नेछन्। हेर, तिम्रो दर्द कम गराउन मैले दवाई ल्याएकी छु; अनि माननीय डाक्टर लूकाले भन्नुभयो कि, उहाँ घाम अस्ताउनुअघि तिमीलाई हेर्न आउनुहुनेछ। उहाँले नै तिम्रो हाड़ ठीक मिलाएर तिम्रो घाउको रगत थमाउनुभयो।'

तिनले उसलाई त्यो शीतल गराउने पेय दिइन् र उसको तकिया मिलाइदिइन्, त्यसपछि तिनी खाना पकाउन गइन्। भुइँका बेलबुट्टाहरू चहकिला देखा परे र जब घाम अग्ला भवनहरूको पछिल्तिर अस्तायो, तब ती एकसाथ धुमिल भइगए। तब बाहिरी ढोका खोल्यो, र जुन डाक्टरले उसलाई अघि स्याहार गरेका थिए, उनी भित्र आए र उसलाई राम्ररी जाँच गरेर उसको घाउ फेरि सफा गरे।

'तिमी राम्रै दिखिन्छौ,' माननीय लूकाले भने; 'तर तिम्रो पाखुराचाहिँ नराम्रोसँग भाँचिएको छ, र तिम्रो निक्कै रगत गयो। केही समय तिमीले आराम गर्नैपर्छ।'

छटपटिँदै ओनेसिमसले आँखा उठाएर सोध्यो: 'के अक्विलाज्यूले मलाई आफ्नो घरमा ल्याउनुभएको थियो ?'

लूका हच्किए। पापको दाग लागेको, लखतरान अनुहार भएको यस जवान मानिसले खेलहरूमा विजय प्राप्त गरेको थियो। उसको पदक उसकै छेउमा भुइँमा पड़िरहेको थियो, अनि शायद ऊ तन्दरुस्त हुने बित्तिकै उसले उच्च पदका मानिसहरूको सँगत गर्नेथियो होला। अघि नै सतावटको ठूलो आँधीबेहरी दर्साउने गर्जनहरू गुँजिरहेका थिए। उनीहरूकै समूहका कसै–कसैलाई पक्रिएर दोषी ठहरिसकेको थियो। अनि प्रेरित पावल झ्यालखानामा थिए। यस मानिसले अरू कसैलाई खतरामा हाल्नुहुँदैनथियो। उनले होशियारपूर्वक जवाफ दिए।

'के तिमी अक्विलाज्यूलाई अघि नै चिन्दथ्यौ?'

'हजुर, उता एफेससमा म उनलाई चिन्दथें; त्यति बेला म एउटा केटा थिएँ। गत रात उनी सड़कमा मेरो छेउ भएर हिँड्दैथिए। म ठूलो कष्टमा थिएँ; अनि एउटा चिनेको अनुहार देख्न पाउनु कति असल थियो। मेरो दुर्बलता र व्यथामा मैले उनलाई बोलाएँ, त्यसपछि मलाई अरू केही थाहा भएन। मलाई यहाँ ल्याउनु उनको सद्भाव थियो।'

'हो, श्रीमती प्रिस्किल्ला सुकर्महरूले पूर्ण स्त्री हुन्, जसले घरबारविहीन र खाँचोमा परेका मानिसहरूको सेवा गरेकी छिन्। मैले बुझेअनुसार तिमीले उनलाई पनि भेटेका रहेछौ।'

'हजुर, एफेससमा पनि। यो कति अनौठो कुरा: बितेको दुई वर्षमा मैले रोममा कुनै दयालु अनुहार देखिनँ, र एकजना मानिसमा बाहेक अरू कसैमा पनि केही असल कुरा भेट्टाइनँ, अनि उसैलाई मैले हिजो रात अखड़ामा आफ्नै हातले मारें। अनि अहिले संयोगले वा देवताहरूले मलाई मलाई स्याहार गर्ने मानिसहरूकहाँ ल्याइदिएको जस्तै लाग्छ। रोममा कसैको जीवन केही गनिँदैन। तब त्यस सड़कमा नै मरिजान, अथवा मैले संकल्प गरेझैं आफैलाई तीबरमा फाल हान्न मलाई किन छोड़िएन? त्यो मेरो निम्ति उत्तम हुनेथियो।'

'तर तिमी भन्छौ, तिमी श्रीमान अक्विला र श्रीमती प्रिस्किल्लालाई चिन्दछौ। तब के उनीहरूले तिमीलाई सड़कहरूहुँदो मर्न छोड़िदेलान् भन्ने ठान्दथ्यौ।'

'अहँ, होइन; किनभने उनीहरूले ख्रीष्ट आफ्ना परमेश्वरको सेवा गर्दछन्; अनि उहाँले उनीहरूलाई कृपालु हुने आदेश दिनुहुन्छ। अनि

मलाई लाग्छ, तपाईं पनि हे माननीय लूका, ख्रीष्टको सेवा गर्नुहुँदो रहेछ; किनकि तपाईंले मलाई राम्ररी सेवा दिनुभएको छ र शूल्कको विषयमा मोलमोलाइ गर्नुभएको छैन। मैले जति तिर्नुपर्छ, म त्यत्ति नै तपाईंलाई र श्रीमती प्रिस्किल्लालाई पनि तिर्न सक्छु। माथि ब्यारेकहरूमा मेरो इनाम मलाई पर्खिरहेको छ; गत रात यसमा मलाई चासो थिएन।'

लूका उत्सुक देखिएनन्।

'तब त तिमीले ख्रीष्टको विषयमा सुनेका छौ?'

'हो, धेरै पल्ट। म एक स्वतन्त्र गरिएको दास हुँ भन्ने कुरा प्रिस्किल्लाले तपाईंलाई बताउनेछिन्। मेरा पहिलेका मालिक र उनका सम्पूर्ण घराना ख्रीष्टियान हुन्।'

'त्यसो भए हाम्रो निम्ति पनि एउटा काम गर! सुनभन्दा पनि त्यो उत्तम छ। जब तिमी आफ्नो प्रसिद्धता र ठूलो धनमा फर्किन्छौ, तब यस घरलाई र यहाँ आउनेहरूलाई धोका दिएर नसुम्पिदेऊ! तिनीहरूमध्ये कसै–कसैलाई तिमी दिनदिनै सिजरको राज–दरवारमा भेट्नेछौ। तिनीहरूलाई नचिनाऊ! ख्रीष्टलाई पछ्याउनेहरूको निम्ति समयहरू कठिन छन्, र सम्राट हामीहरूमाथि आँखा लगाइराखेका छन्। तिमीले सद्व्यवहार प्राप्त गर्‍यौ, सो सम्झना गर, र यस घरलाई बिर्सिदेऊ!'

'तपाईं सुरक्षित हुनुहुन्छ। महाजनहरू र सुख्याति चलेका मानिसहरूको सँगतमा फर्किजान मलाई कुनै चाख छैन। त्यहाँ देखेको र अनुभव गरेको रक्तपात, ऐशआराम, मतवालापन र घृणाले गर्दा मलाई वाक्क लागेको छ।'

'त्यसो हो भने हामीसँगै बस र ख्रीष्टको विषयमा सिक्दैजाऊ!'

एकक्षण सुन्सान रह्‍यो, अनि ओनेसिमस चुप लाग्यो। लूका उठे; किनकि उनको बिरामीका आँखाहरू ज्वरोले चहकिला भएका थिए।

'बिदा!' भोलि म तिमीलाई फेरि भेटुँला,' उनले भने।

तर उनले घर छोड़ेर गएनन्, तर प्राङ्गणतर्फ खुला भएको अर्को कोठामा पसे; तब श्रीमती प्रिस्किल्ला तागतदार खाना र दाखमद्यको साथ देखा परिन्; अनि लेवि पनि तिनको साथमा आएको थियो; त्यो अहिले बाह्र वर्षको एउटा जवान केटो भएको थियो। त्यसले उसलाई खाना खान सहायता गर्‍यो। त्यसका बुवा अक्विला अझ घर आइपुगेका थिएनन्।

तर ओनेसिमस सुत्न सकेन; किनभने केही न केही कुरा त्यस घरमा भइरहेको थियो। केही मिनेटभित्र बाहिरी ढोका घरीघरी बिस्तारै खोलिथ्यो, अनि चोकको उत्तापट्टिको कुनामा रहेको एउटा कोठामा पुरुष, स्त्री र केटाकेटाहरूको भीड़ जम्मा हुँदै गरेको ओनेसिमसले अँध्यारोमा देख्न सक्यो। डराइरहेका मानिसहरूको कोनेखुशी र उनीहरूलाई उत्तर दिइरहेका डाक्टर लूकाको स्वर उसले सुन्यो। एउटा झीनो बत्तीको उज्यालोमा बिरामी ओनेसिमसले तिनीहरूलाई एकसाथ खचाखच भएका देख्यो। तिनीहरूका छायाहरू प्राङ्गणको भुइँमा फालिएका थिए। बत्ती एउटा टेबलमा राखिएको थियो, जसमा एउटा कचौरा र एउटा रोटी थियो। अचानक तिनीहरूले आफ्ना स्वर उचालेर एउटा भजन गाए; अनि ओनेसिमसले आफ्नो शिर उठाएर सुन्न आफ्ना कान लगायो। यस अन्धकारमा यी स्पष्ट र मीठा शब्दहरू उसकहाँ गुँजे:

'येशू ख्रीष्ट यस संसारमा पापीहरूलाई बचाउन आउनुभयो। यदि हामी उहाँसँगै मऱ्यौं भने हामी उहाँसँगै राज्य पनि गर्नेछौं।'

पापीहरू! हो, ऊ कस्तो पापी थियो। उसले गरेको विश्वासघात कस्तो, उसका झूटहरू कत्रा, उसले गरेको घृणा कति हो कति?! अब ढिलो भइसकेको थियो; किनकि धेरै अघि नै उसले ख्रीष्टलाई लत्याएर उहाँदेखि भागेको थियो।

पालोपिलो बोलेको मानिसहरूको आवाज सुन्यो; तर उनीहरूले के भन्दैथिए, सो उसले बुझ्न सकेन, अनि ऊ एक छिन निदायो। त्यसपछि अचानक ऊ बिउँझ्यो; किनभने कसैले केही कुरा ठूलो स्वरमा पढ़ेर सुनाउँदैथिए, अनि उनको बलियो र गुँजिने आवाजले त्यस सानो घरलाई भऱ्यो:

'*किनकि मलाई पूरा निश्चयता भएको छ: न मृत्युले, न जीवनले, न स्वर्गदूतहरूले, न प्रधानताहरूले, न अधिकारीहरूले, न अहिलेका कुराहरूले, न पछि आउने कुराहरूले, न उचाइले, न गहिराइले, न अरू कुनै सृष्टिले नै हामीलाई हाम्रा प्रभु ख्रीष्ट येशूमा भएको परमेश्वरको प्रेमदेखि अगल पार्न सक्नेछ।*'

अनि शायद न दूरीले, न जमिनले, न समुद्रले नै परमेश्वरको प्रेमदेखि अगल पार्न सक्दो रहेछ भन्ने डरले अलिक थर्र काँपिरहेको ओनेसिमसले

विचार गर्‍यो। त्यस प्रेमको आवाजदेखि ऊ हजारौंहजार माइल भागेको थियो, रपनि ऊ त्यसबाट टाढ़ा हुन सकेन। के यो सम्भव थियो, कि ती डरलाग्दा छरिता र छिटो कुद्ने पाउहरूले उसलाई अझ खेदिरहेका थिए र उसलाई पक्रन लागेका थिए? के छिट्टै उसले फर्केर त्यस प्रेमका परमेश्वरको सामना गर्नुपर्नेथियो?

जब पछिबाट अक्विला चाल मारेर उसलाई रातको व्यवस्था मिलाउन आए, तब उनले यस बिमारीलाई काँपिरहेको र असिनपसिन भइरहेको पाए।

उनीहरूले एक आपसमा अभिवादन गरेका मात्र थिए, तब 'तपाईंले पढ़िरहनुभएको पुस्तक नि, त्यो कुनचाहिँ पुस्तक हो?' ओनेसिमसले एकाएक सोध्यो।

'पावलले हामीलाई चार वर्ष पहिले लेखेका पत्रबाट हामी पढ्दैछौं,' अक्विलाले जवाफ दिए; 'जुन बेला हामी भर्खरै मात्र एफेससबाट रोममा फर्केका थियौं, त्यस बेला यो पत्र आइपुग्यो। यस सानो मण्डलीले प्रभुको विषयमा जति सिकेको र जानेको थियो, त्यो सबै यसले तिनीहरूबाट सुनेर सिकेको थियो, जसले आफू पनि अरूबाट सुनेका थिए। यसरी एक मुखबाट अर्को मुखमा सर्दै गएर कति कुराहरू बिग्रिए। ख्रीष्ट किन मर्नुभयो, सो विस्तृत रूपले बयान गर्न पावलले यो पत्र लेखे; तर हामीसँग अझ थुप्रै प्रश्नहरू थिए। पावल यहाँ रोममा आइपुगेको दिन हाम्रा निम्ति एउटा महान् दिन थियो।'

ओनेसिमस आफै यति कमजोर भए पनि केही उठेर बस्यो। 'पावल!' उसले दोहोर्‍यायो; 'रोममा! तपाईंले उनी अहिले यहीं छन् भनेर भन्न खोज्नुभएको त होइन होला?'

'किन र? हो,' अक्विलाले जवाफ दिए; 'बिगत एक वर्षदेखि उनी यहीं छन्। उनलाई एक कैदीको रूपमा यहाँ ल्याइएको थियो; किनभने उनले सिजरलाई अपिल चढ़ाएका थिए। तर तिनीहरूले उनलाई राम्रो व्यवहार गर्दैछन्। उनी भाड़ामा लिइएको आफ्नै घरमा बस्दैछन् र पाहुनाहरूलाई स्वागत गर्न र आफ्ना चिट्ठीहरू लेख्न उनलाई स्वतन्त्रता दिइएको छ। यति मात्र कि, उनी दिनरात एउटा पहरेदारसित साङ्लाले बाँधिएका छन्; यसकारण त्यहाँ कुनै गोप्यता छैन।'

तर ओनेसिमसले सुनिरहेको थिएन। 'म गएर उनलाई भेट्नैपर्छ,' उसले भन्यो।

# २१

ओनेसिमस छिट्टै तङ्ग्रिएर तन्दरुस्त भयो, अनि चार–पाँच दिनपछि उसले लूका, आफ्नो दयालु डाक्टरलाई के बतायो भने: उसलाई लाग्यो, ऊ निस्कनुपर्‍यो र श्रीमती प्रिस्किल्लाको अथितिको रूपमा अरू बढ़ी बस्नुहुँदैन। माथि ब्यारेकहरूमा उसको पैसा सुरक्षित जम्मा भएको थियो, र उसले आफ्नो बसेको समयको निम्ति केही रकम तिर्नेथियो र अर्को डेरा खोज्नेथियो। तर पहिले त उसले माग्न चाहेको एउटा कुराको विषयमा सोध्नु थियो। के लूकाले उसलाई पावलकहाँ लैजानेथिए?

लूका झसङ्ग भएका थिए। यस बेखुशी मानिससँग उनी दिनदिनै बसेर ऊसँग ख्रीष्टको कुरा गरेका थिए, तर उसले कुनै प्रतिक्रिया दाखाएको थिएन, तर कुरा सुन्न मन नलागेझैं तकियामा आफ्नो टाउको बेचैनसित यता–उता सारिबस्थ्यो। तर उनीलाई थाहा थिएन, ओनेसिमस दिन–रात एउटा दोष्याउने हृदयको भारले थिचिएको र खेदो गरिएको थियो, अनि त्यो यति साह्रो, खपिनसक्ने भएको थियो; तर त्यसबाट छुटकारा पाउन उसले चुकाउनुपर्ने मूल्य नियाल्दा यसलाई तिर्ने साहस गरेन।

'हामी भोलि जानेछौं,' लूकाले भने; 'दिन शीतल हुने बेलामा। उनी राजभवनका ब्यारेकहरूको नजिकै थुनामा छन्।'

भोलिपल्ट साँझ पर्दा उनीहरू सँगै बाटो लागे, ओनेसिमस एउटा कमजोर बूढ़ो मान्छेले झैं लूकाको पाखुरामा निहुरिँदैथियो। अक्विला

तीबर–नदीको उपल्लो छेउमा यहूदीहरूको क्षेत्रमा बस्दथे। यसैले उनीहरूले एकसाथ नदी तरे र त्यसको किनारमा भएको एउटा बगैंचामा थकाइ मारे। उनीहरू बिस्तारै हिँड्दै गए र सूर्य उस्ताउँदा उनीहरू ब्यारेकहरूको छेउमा उनीहरूले खोजेको सानो घरमा पुगे।

'उनका थुप्रै–थुप्रै पाहुनाहरू हुन्छन्,' लूकाले भने; 'उनले तिमीलाई भेट्ने समय नदिएसम्म तिमीले पर्खनुपर्छ होला।'

उनले ढोकामा ढकढकाए, र एउटा स्वरले उनलाई भित्र पस्ने आग्रह गर्‍यो।

'के तिमी त्यही लूका नै हौ?' एउटा बूढ़ा मानिसको थकित स्वरले भित्रबाट सोध्यो। 'तिमी आइपुगेकोमा म आनन्दित छु। यस साँझ हामीलाई ठूलो रमाहट छ। तिम्रो विचारमा, यत्रो लामो यात्रा गरेर फ्रिगियादेखि हामीलाई भेट्न आएका को होलान्?'

फ्रिगियाबाट? ओनेसिमस कुलेलम ठोकेर भाग्न चाहृयो, तर उसको चासोले गर्दा ऊ त्यसै ठाउँमा अड़िरह्यो। लूकाले उसलाई बिस्तारै भित्र ताने, अनि जब मधुरो धिपधिप उज्यालोमा हेर्न उसका आँखाहरूको बानी भयो, तब उसले कहिल्यै भुल्न नसक्ने एउटा दृश्य देख्यो।

कुप्रिएका काँध भएका र होचा एकजना मानिस बाँधिएको अवस्थामा एउटा मुढ़ामा बसिरहेका थिए; उनको नाड़ी साङ्लोले एउटा हट्टाकट्टा रोमी सिपाहीसित जोड़िएको थियो, जो लम्पसार परेर भुइँमा सुतेको थियो। ती कैदी उही उसले एफेससमा देखेका पावल थिए, तर अति वृद्ध र दुर्बल थिए; नयाँ पाहुनाहरूलाई चिन्न कठिनाइ भएझैं उनले धमिला आँखाहरूले उनीहरूलाई चियाएर हेरे। तर उनले वरिपरि उनको पाउनेर बसेका चेलाहरूको सानो समूहमाथि आँखा लगाउँदा र एउटा अग्ला, यात्राले धुलाम्मे नयाँ आगन्तुकतिर प्रेमिलो स्वागतमा हात फैलाउँदा उनको अनुहारमा उमङ्ग छायो।

'नजिकै आऊ, आफ्नै आँखाले हेर, लूका! मैले उनको विषयमा कुरा गरेको तिमीले कतिपल्ट सुनेका थियौ। ख्रीष्टमा मेरा भाइ, एसिया माइनरका मेरा प्रिय एपाफ्रास!'

यी यात्री लूकालाई अभिवादन गर्न फर्के, अनि यसो गर्दा तिनका आँखाहरू ढोकामा पहेंलो अनुहार र त्रास छाएका आँखाहरू भएको त्यस

जवान मानिसमा परे। केही क्षणसम्म छक्क पर्दै तिनीहरू एक–अर्कोमा हेराहेर गर्दै रहे, त्यसपछि एपाफ्रास बोले।

'के यो सम्भव छ र?' अलमल्लमा परेर तिनले भने; 'के तिमी धेरै वर्षसम्म फिलेमोनका लङ्गड़े छोराको सेवामा थियौ, होइन र? मैले सुनें लओडिसियाको विपत्तिजनक दुर्घटनामा तिमी नाश भएका थियौ। कसरी म तिमीलाई यहाँ भेट्दैछु?'

तिनको आवाज कठोर थियो; अनि ओनेसिमस अझ चुपचापसित सोही स्थानमा उभिरह्यो। उसको दिमागमा यस्तो तर्क खेलिरह्यो: 'मूर्ख, फर्किजा र दौड़िहाल्! अझ भाग्ने समय छ; भागेको दासका सजायहरूको विषयमा विचार गर्! तिनीहरूको विषयमा विचार गर्, जो त्यही अपराधको निम्ति यहाँ यस शहरमा डामको चिन्ह लगाइए, क्रूसमा टाँगिए र जङ्गली जनावरहरूकहाँ फालिए। तँ केको निम्ति पर्खिबसेको?'

उसको हृदयले यसो भन्यो: 'अँ, तँलाई खेदेका ती पाउहरूले तँलाई अहिले पक्रन लागेका छन् नि। आखिरमा तँलाई घेरिएको छ र तँ पासोमा परेको छस्। अहिले उम्कने तेरो अन्तिम मौका यही हो; तर तँ अहिले उम्किस् भने तँ सदाको निम्ति उम्कनेछस्। के तँ साँच्चिकै फुत्कन चाहन्छस्?' तब नहटीकन तर नम्र भएर उसले जवाफ दियो: 'हजुर, म उही हुँ। नाङ्गो जीवन लिएर म उम्कें र रोममा आएँ। मैले धेरै दुःख पाएको छु, र मेरो पापको बोझ असह्य भएको छ; यसैले म जिउन चाहँदिनँ। म बिरामी छु र अब आराम गर्छु; तर यस साँझमा केही समयपछि, म विन्ती गर्छु, पावलज्यूले मसँग कुरा गरून्।'

साँच्चै रिँगटाले उसको टाउको यताउति गरिरहेको थियो र उसको अनुहारबाट रङ्ग उड़ेर अति फिक्का भएको थियो। आफूलाई खड़ा राख्न उसले आफ्नो हात फिजायो, र तुरुन्तै लूका उसको छेउमा हाजिर थिए। डाक्टरले आफ्नै खास्टो भुइँमा फिजाए र आफ्नो बिरामीलाई रोमी सिपाहीको छेवैमा सुताए। ओनेसिमसले आफ्ना आँखाहरू बन्द गर्‍यो र अन्त्य यही रहेछ भन्ने महसुस गर्‍यो। ऊ घेराउभित्र परेको थियो; ऊ अब प्रभुकहाँ फर्कनैपर्दथ्यो र प्रेमका कठोर सर्तहरू ग्रहण गर्नुपर्दथ्यो, अनि एक नयाँ, अनन्त मालिकको सामु झुक्नैपर्दथ्यो। उसको छोटो, व्यर्थको स्वतन्त्रता आज सकेको थियो।

तर यी सर्तहरू के–के हुन्, सो विचार गर्न ऊ साह्रै थकित र कमजोर भएको थियो। ऊ केही नचली पल्टिरह्यो र शान्त थियो, अनि यस सानो समूहको बातचित सुन्यो – दुई वर्षदेखि उसको घरको पहिलो समाचार उसले प्राप्त गर्‍यो।

उनीहरूले हिरापोलिस, लओडिसिया र कलस्सेका मण्डलीहरूका कुरा गरिरहेका थिए। सबै मण्डलीहरू फस्टाएका थिए; अनि फिलेमोन र अप्फिया सन्चै थिए, अनि ख्रीष्टप्रति साथै उनीहरूका भाइबन्धुप्रति उनीहरूको प्रेममा बलिया थिए। अर्खिपस बिरामी भइरहेका र उदास थिए, कहिलेकहीं त आफ्नो सेवकाइ पूरा गर्न नसक्ने गरी अति थकित, तर साहससाथ कोशिश गरिरहेका थिए; किनकि तिनी र हिरापोलिसकी एउटी इसाई केटीको बीचमा एउटा कोमल प्रेमको प्रणय सूत्र बाँधिएको थियो। तर त्यो सानो मण्डली खतरामा परेको थियो, अनि जब एपाफ्रासले त्यसलाई सताउने झूटा शिक्षाको विषयमा कुरा गरे, तब तिनको स्वर आग्रही सुनिएको र आत्तिएको थियो। त्यहाँ त्यो फ्रिगियाली युवा थियो, जसले ख्रीष्टको सुसमाचारको सरलता र तिनीहरूका अन्य जातीय परमपराहरू मिलाउने कोशिश गरिरहेको थियो। इसाई दासहरूले अनौठा धर्मविधिहरूमा भाग लिइरहेका, किसिम–किसिमका चाड़हरू मनाइरहेका थिए; तिनीहरूले मरणासन्न नहोउन्जेल उपवास बसिरहेका र स्वर्गदूतहरूको पूजा गरिरहेका थिए; यसरी शरीरका अभिलाषाहरूलाई दमन गरेर निष्क्रिय पार्ने कष्टदायक प्रयत्नद्वारा तिनीहरूले आत्मिक रूपले बढ्‌न र परमेश्‍वरको ज्ञान हासिल गर्न चाहेका थिए।

‘यो झूटो शिक्षा फिलेमोनको घरमा प्रचार गरिएको छैन,’ एपाफ्रासले भने; ‘तर त्यस शिक्षाले धेरैलाई भड्काएको छ र फिलेमोनको घरमा भेला हुनेहरूमध्ये कतिलाई तानिसकेको छ। त्यसले तिनीहरूको दिमागलाई फुस्ल्याउँछ, र यो सिद्धान्तचाहिँ तिनीहरूका भूतप्रेत मान्ने धर्म र मर्महरूमाथि राखिएको विश्‍वासदेखि टाढ़ा हटेएको छैन।’

‘के ख्रीष्ट नै सबैको निम्ति सबै हुनुहुन्न र ?’ उत्तेजित भएका प्रेरित बरबराए; ‘मैले तिनीहरूलाई एउटा पत्र लेख्नुपर्छ। तिनीहरूलाई होशियार रहने विन्ती गरेर तिनीहरूलाई ख्रीष्टभित्र परमेश्‍वरको सारा परिपूर्णताले

वास गर्छ भन्ने कुरा फेरि देखाउनुपर्छ। तिनीहरूले सदैव तलाश गर्नुपर्ने एकमात्र रहस्य यही नै हो।'

एउटा अति बलियो अर्को सिपाही आएर अर्को रोमी पहरेदारलाई छुट्टि दियो; त्यो नयाँ सिपाही अब भित्तामा आफ्नो ढाड़ अड्याएर ठुस्स पर्दै र आफ्ना दाँतहरू कोट्याउँदै बसिरहेको थियो। पावलले त्यसलाई शिष्टपूर्वक अभिवादन गरे, र आफ्नै कुरामा फर्के। तर ओनेसिमसले कुरा कहाँ पुग्यो, त्यसको पत्तो हरायो। एउटा टुकी बत्तीको उज्यालोमा ऊ यस सानो समूहका मानिसहरूका आत्तिएका र पीड़ित चेहराहरूलाई नियालिरहेको थियो। त्यहाँ एकजना पातला तिमोथी नाम गरेका समर्पित देखिने जवान मानिस थिए; तिनले प्रेरित पावललाई हेर्दा उनका आँखाहरू प्रेमले धपक्क बलेका थिए; अनि अर्को व्यक्ति पनि उपस्थित थिए, जसको नाम एपाफ्रोडिटस थियो – एक वृद्ध मानिस, जो एक सिकिस्त रोगबाट भर्खरै तङ्ग्रिँदै गरेझैं देखिन्थे। तेस्रो व्यक्तिचाहिँ यहूदी जीउडाल भएको मानिस थियो, जो विनम्रतापूर्वक पछाड़ि बसेर कम्ती बोल्यो – शायद यो एउटा दास हुन सक्थ्यो; उनीहरू सबै कहिलेसम्म कुरा गरिरहने होला भनेर निद्रा लागेको ओनेसिमसले सोच्यो।

जब एकमाथि अर्को समूहमा सम्मिलित भए, तब रातभरि नै उनीहरूको कुरा चल्ला भनी उसले कल्पना गर्‍यो। तर एउटा चुस्त बान्की भएका, डेमास भनिने मानिस भित्र आए र रोममा के भइरहेको थियो भन्ने समाचारले उनीहरूको छलफल रोके। तर कोही पनि तिनको कुरा सुन्न त्यति उत्सुक देखिएनन्, र तुखिकस भनिने एकजना भाइ नआउन्जेल उनीहरूको कुरा फेरि त्यस झूटो शिक्षातिर मोड़ियो। तुखिकस रोमको अर्को भागमा इसाईहरूको एक जमघटमा प्रचार गरेका थिए र उत्साही देखिन्थे।

ठूलो आवाज निकाल्दै घुरिरहेको त्यो सिपाही नउठोस् भनेर उनले एउटा मसिनो स्वरमा भने: 'आजको साँझमा हामी एक मिश्रित झुण्डको रूपमा भेला भएका थियौं; दासहरू, यहूदीहरू, सिजरका घरानाका कोही, पहरेदारहरूबाट दुई–तीनजना, खानदानी र निम्न स्तरका, यहूदी र अन्यजाति – ख्रीष्ट येशूमा सबै एक भएका थियौं। तर दिनहुँ नेरोलाई भेट्न पाउने अरिस्टोबुलसले भनेका छन्: त्यो आँधीबेहरी छिट्टै पूरा बलले उर्लेर

हामीमाथि आइपर्नेछ; यसैले हामी अबउसो घर–घरमा भेला हुन सुरक्षित हुँदैन। उनको विचारमा, हामी अर्को गोप्य ठाउँ खोज्नुपर्छ।'

डेमासले उनलाई घचेटेपछि उनी खङ्ग्रङ्ग भए र यताउता हेरे। कोठाको अँध्यारोमा उनले खास्टोभित्र मस्त निद्रामा पल्टिरहेको नौलो व्यक्तिलाई देखेका थिएनन्।

ओनेसिमसले एउटा आँखा खोलेर उनलाई र भुइँमा नुहिरेर त्यो रहस्यमय चिन्ह कोरिरहेएका र अरूहरूले इन्कार गर्दै आ–आफ्ना शिरहरू हल्लाएका देख्यो।

अब निक्कै अबेर भइसकेको थियो। निभ्न लागेको बत्तीको वरिपरि त्यो समूह घुँड़ा टेक्यो, अनि पावलले रोममा भएको मण्डलीको निम्ति, साथै ग्रीसमा र एसिया माइनरमा भएका परमेश्‍वरका मण्डलीहरूको निम्ति, कलस्सेमा फहराउने ब्याँसारूपी झूटा शिक्षकहरूबाट आक्रमण गरिएकाहरूको निम्ति, भुइँमा सुतिरहेको बोझले थिचिएको ओनेसिमसको निम्ति लामो र प्रेमपूर्ण प्रार्थना गरे। एउटा बुवाले झैं उनले उनीहरूलाई आशीर्वाद दिए र तिमोथीबाहेक उनीहरू सबजना एक–एक गर्दै रातमा निस्केर गए। तिमोथीचाहिँ रहेर ती वृद्ध मानिसलाई खानेकुरा र पिउने कुरा ल्याए, अनि उनको साङ्लाले जहाँसम्म अनुमति दियो, उनलाई आरामदायी बनाइदिए।

'के तपाईं अब सुत्न लाग्दै हुनुहुन्छ, मेरा बुवा?'

'मेरो विचारमा होइन, मेरो छेरा। म त्यस केटासँग कुरा गर्नेछु, जो आज राति आएको थियो – यदि ऊ निदाएको छैन भने। उसलाई हामीसँगै खाना खान लिएर आऊ!'

'म निदाएको छैनँ,' ओनेसिमसले भन्यो। उसले निक्कै आराम गरेको थियो र अहिले कुरा गर्न तयार भयो। पावल र तिमोथीसँगै ऊ उनीहरूको साधारण खानामा सम्मिलित भयो, त्यसपछि तल कालो भुइँमा बसेर र आफ्नो टाउको लुकाएर उसले प्रेरित पावललाई सबै कुरा बताइदियो: अर्खिपसप्रतिको उसको घृणा, एफेससमा उसको ईख फेर्ने काम, वर्षौंसम्म चोरी गरेको र अन्तमा लओडिसियाको डाँकूदारी काम र भगाइ, अखड़ामा आफ्नो मित्रको हत्या गरेको र अन्तिम आएर आत्महत्या

गर्न खोज्दा उसको मृत्युको त्रासको विषयमा। उसले भन्न शुरु गरेपछि रोक्न सक्दैनथियो। जति कुराहरू उसको रिसाहा, क्षमाशील नभएको, बेखुशी हृदयभित्र लुकाएर राखिएका थिए, ती सबै कुराहरू त्यस रात एउटा कालो बाढ़ीझैं फुट्ट बाहिर निस्केर आए। थकित तिमोथी पल्टिेर सुते, तर पावल र ओनेसिमसले कुरा गरिरहे।

के ओनेसिमस जस्तै मान्छेको निम्ति आशा थियो ? के उसको निम्ति पापको क्षमा पाउनु सम्भव थियो ? के ख्रीष्टले उसलाई कृपा देखाउनुहुन्छ – यस्तो एउटा व्यक्तिलाई, जसले प्रभुलाई यी वर्षहरूभरि नै इन्कार गरेर स्वतन्त्र हुने अठोट गरेको थियो, र जसले आफूलाई यति नीच अवस्थामा ल्याइपुऱ्याएको थियो ? उसले घरीघरी यी प्रश्नहरू सोध्यो, र पावलले ऊसँग बिस्तारै र गम्भीरतापूर्वक ख्रीष्टको क्रूसको विषयमा साथै यसले उसलाई के–के आशिष ल्याइदिएको सबै कुराको बारेमा बात गरे।

'तिम्रो विरोधमा भएको त्यो पापको लेखा उहाँले मेटाइदिन सक्नुहुन्छ,' पावलले भने; 'उहाँले यसलाई आफ्नो क्रूसमा टाँगिएझैं बीचबाट हटाइदिनुहुन्छ। विश्वासद्वारा धर्मी ठहरिएर तिमीले परमेश्वरसँग मिलाप राख्न सक्छौ। म जान्दछु, किनभने म पनि यही बाटो भएर आएको हुँ। मैले यी शहीद स्तिफनसलाई मारिएको देखें; उनको मृत्युमा मैले आफ्नो सहमति दिएको थिएँ; अनि जब तिनीहरूले उनलाई ढुङ्गाले हाने, तब मैले तिनीहरूका कपड़ाहरू कुरें। दोष्याउने विवेकको पीड़ा मैले अनुभव गरें, तर मैले प्रभु येशूलाई कसरी देखें, त्यो पनि म तिमीलाई बताउँदैछु।'

बिहान हुन लाग्दा पावलले आफ्नो जीवनको साँचो कथा सिद्ध्याए; ओनेसिमसले ध्यानपूर्वक सुनिरह्यो। यी सुइराहरूमा लात हान्नु साँच्चै कठिन्, साह्रो कठिन् रहेछ। पहरेदार आफ्नो निद्रामा चल्यो। ओनेसिमसले आफ्ना आँखाहरू उठाएर त्यस झ्यालखानारूपी कोठाको झ्यालबाट झिसमिसे भित्र चियाउँदै गरेको देख्यो; ऊ आत्मिक रूपले एउटा नयाँ, सुन्दर संसारमा भर्खरै नयाँ जन्म पाएको एउटा दूधे–बालक भएको उसलाई लाग्थ्यो। पापको बोझ सदाको निम्ति हटेर गएको थियो, अनि पापको क्षमा पाएको रमाहटमा उसले अझ उठाउनुपर्ने अर्को पाइलाको विषयमा कुनै

विचार राखेको थिएन। हालैको निम्ति यति पर्याप्त थियो: ऊ ख्रीष्टकहाँ फर्केर आएको थियो, र ख्रीष्टले उसलाई ग्रहण गर्नुभएको थियो।

तर उसको छिया–छिया भएको, खुशीले भरिएको हृदयमा यसको गहिराइमा पावलले दमस्कस जाने बाटोमा सोधेको त्यही प्रश्न लुकिबसेको थियो। चाँड़ै उसले त्यो प्रश्न पनि सोध्नैपर्नेथियो र त्यसको जवाफ भेट्टाउनुपर्नेथियो: 'हे प्रभु, तपाईं मैले के गरेको चाहनुहुन्छ ?'

# २२

ती मानिस जो पावलकहाँ एउटा दासजस्तै देखिएका थिए, तिनीचाहिँ यूहन्ना मर्कूस नाम भएका एक यहूदी मानिस थिए। तिनीसँग ओनेसिमसले बस्न पायो; अनि दिनदिनै ऊ पावलको वरिपरि भेला भएको त्यस सानो जमघटमा जाने गर्थ्यो। साथै खबरहरू पुर्‍याउँदै, घर टालटुल पार्दै र एउटा हातले पानी उघाउँदै उसले आफैलाई उपयोगी तुल्यायो; किनकि यूहन्ना मर्कूस कुनै लेख लेख्नमा व्यस्त थिए र तिमोथीचाहिँ अजीर्ण रोगले ग्रसित थिए, र कड़ा, शरीरको बल लगाउनुपर्ने काम गर्न सक्दैनथिए। यी तिमोथी पहिले एक डरछेरुवा, गृहस्थ केटा थिए, तर पावलप्रति उनको प्रेमले उनलाई एक साहसी वीरसरह तुल्याएको थियो। उनले पावललाई जमिन र समुद्रमा खतराहरू र कठिन् परिस्थितिहरू सामना गर्दै पछ्याएका थिए। अनि अहिले दुई वर्षदेखि उनी झ्यालखानाको यस कष्टदायी थुनामा सहभागी भएका थिए। ओनेसिमसमा तिमोथीप्रति प्रेम उब्जेर आयो; अनि उनले उसलाई साँचा घटनाहरू लिएर ख्रीष्टमा आफ्ना आत्मिक बाबु पावलको महानता र साहसको बयान गर्न कहिल्यै थाक्दैनथे।

यी दिनहरूमा पावल साह्रै व्यस्त थिए। किनकि केही समयअघि एपाफ्रोडिटसले फिलिप्पीबाट पावललाई त्यस मण्डलीको एउटा उपहार ल्याउन यात्रा गरेका थिए; उनले फर्कनको निम्ति ढिलो गरिरहेका थिए; किनभने उनी साह्रै बिमारी भएका थिए र बिदा लिन उनलाई गाह्रो भइरहेको थियो। तर गृष्म ऋृतु सिद्धिन लागेको थियो, अनि पानी–जहाजको यात्रा

गर्न सम्भव भएको समयमा उनी घर पुग्न चाहे भने उनी अब निक्कै छिटो बाटो लाग्नैपर्नेथियो। उनले फिलिप्पीमा भएका ख्रीष्टियानहरूकहाँ एउटा चिट्ठी लानु थियो। अनि पावल त्यही पत्र लेखाउनुमा व्यस्त थिए।

यो चिट्ठी लेखाउने काममा पावलले धेरै विचार र दिमाग लगाउनुपर्‍यो। फिलिप्पीमा भएको मण्डली उनको निम्ति साह्रै प्रिय थियो, अनि तिनीहरूको विश्वासयोग्यता र प्रेमको हर सम्झना उनको निम्ति बहुमूल्य थियो। तर तिनीहरू सिद्ध थिएनन्। हालसालैमा एपाफ्रोडिटसको प्रतिवेदनअनुसार त्यहाँका दुई–तीनजना स्त्रीहरू झगाड्‌लु हुन थालेका थिए र लिडि़याचाहिँ जसले ख्रीष्टियानहरूको निम्ति आफ्नो भव्य घर खुला गरिदिएकी थिइन्, तिनले उनीहरूलाई अधीनमा राख्न असक्त देखिएकी थिइन्। यो पत्र लेख्न उनलाई कठिन भयो, र दिन प्रतिदिन उनले थोरै लेख्न लगाए, र धेरै समय प्रार्थनामा बिताए; अनि पावलले त्यो पत्र लेखाउँदा बसेर कुरा सुनिरहेको ओनेसिमसलाई पावलले दिएका प्रेममय अर्तीहरू र विनम्र हप्कीहरूमा अचम्म लाग्थ्यो, अनि त्यस पत्रले उसको सोचाइमा नयाँ–नयाँ विचारधाराहरू उत्पन्न गर्दै गरिरहेको थियो।

'तिमोथीलाई चाड़ै तिमीहरूकहाँ पठाउँला भनी म प्रभु येशूमा आशा गर्दछु।'

तिमोथीले पावलका यी शब्दहरू लेखिरहँदा उनीतिर आफ्ना आँखा उठाए; किनभने आफ्ना गुरुबिना कहीं जानुपर्छ भन्ने कल्पनाले तिनमा एक किसिमको निराश पैदा गर्‍यो। तर ओनेसिमसले आफ्ना कानहरू तीखो पार्यो। उसले तिमोथीलाई माया गर्थ्यो, तर तिमोथीचाहिँ पावलका व्यक्तिगत सेवकको रूपमा काम गर्थे। एपाफ्रोडिटस चाँड़ै तिमोथीसित फिलिप्पीतर्फ यात्रा गर्नेथिए। ओनेसिमसले एकाएक आफ्नो भविष्य आफ्नो सामु गुलावी भइरहेको देख्यो। तिमोथीको बदलीमा ऊ बसेर पावलको हेरविचार गर्नेथियो।

ऊ हाँस्यो; किनभने अचानक उसले आफ्नो दासतामा दिक्क मान्दै र त्यसबाट स्वतन्त्र हुने उत्सुकता बोक्दै गरेका ती वर्षहरू सम्झ्यो। अहिले ऊ स्वतन्त्र थियो, र यी वृद्ध, टाटे अनुहार भएका कैदीको एक बँधुवा दास हुने आकांक्षा गर्‍यो, जसको हातको नाड़ीमा भएको एउटा साङ्लाले उनलाई दुःख दिइरहेको थियो। तब उसले अचानक वास्तवमा स्वतन्त्रताको

अर्थ के रहेछ, सो बुझ्यो: प्रेमका आदेशहरू शिरोपर गरेर आफैलाई स्वेच्छापूर्वक यसको दासतामा सुम्पनु नै स्वतन्त्र रहेछ। ईश्वरीय प्रेमको अनुशासनविनाको स्वतन्त्रताचाहिँ मृगतृष्णाहरूले भरिएको मरुभूमि हो, जसले त्यसभित्र पस्ने मानिसलाई हर किसिमको आशाको प्रतिज्ञा गर्छ, तर उसलाई कम्पास वा मार्ग–दर्शकविना छोड्छ, र प्रतिज्ञा गरिएको कुनै कुरा पनि हात लाग्दैन।

जति उसले तिमोथीको बदलीमा पावलको हेरचाह गर्ने विषयमा विचार गऱ्यो, त्यति नै बढ़ी उसलाई यो विचार मन पऱ्यो। उसले ब्यारेकहरूबाट आफ्नो पैसा ल्याएको थियो; पैसा उसले सोचेको जति धेरै त थिएन – तिनीहरूको कमजोर प्रदर्शन र एक–अर्कोलाई मार्न नचाहेको स्पष्ट आनाकानीप्रति दलाल क्रोधको सीमामा पुगेको थियो। जे होस्, उसले आफ्ना ऋणहरू तिर्यो र यूहन्ना मूर्कससँग बस्ने बन्दोबस्त गर्न सकेको थियो; अनि ऊसँग अझ केही महिना जिउनको निम्ति केही रकम बचेको थियो। उसले केही सानातिना वस्तुहरू पावलको निम्ति किनिदिने कोशिश गऱ्यो, तर वृद्ध मानिसले तिनलाई स्वीकार गरेनन्। 'तिम्रो पैसा जोगाइराख, मेरो छोरा,' उनले नम्रतापूर्वक भनेका थिए; 'यसलाई बचतमा राख; मलाई लाग्छ, चाँड़ै तिमीलाई यसको खाँचो पर्नेछ।'

उनले त्यसो भन्नुको मतलब के होला भनेर ओनेसिमसले सोच्यो; किनकि यसो हेर्दा त्यत्तिकै व्यक्त गरेका शब्दहरू देखिए पनि तीभित्र केही लुप्त अर्थ छ भन्ने भावना उसमा आएको थियो। तर यी दिनहरूमा पावललाई प्रश्न सोध्ने कुनै मौका थिएन। जहिले पनि आगन्तुकहरू पर्खिबसेका हुन्थे, अनि वृद्ध प्रेरितचाहिँ एपाफ्रोडिटसको बिधाइमा र फिलिप्पीहरूको निम्ति आफ्नो पत्र लेखाउनुमा अति व्यस्त थिए। सेप्टेम्बर महिनाको बीचसम्म मात्र समुद्र–यात्रा गर्नु सुरक्षित ठहरिन्थ्यो; अनि पावलले समुद्र–यात्रा ढिलो गरेको कारणले जोखिममा परेको आफ्नै अनुभवद्वारा राम्ररी परिचित भएको हुनाले एपाफ्रोडिटस त्यस बेलासम्ममा त गइसक्नुपर्छ भनेर निश्चित गरेका थिए। यसकारण पावलले कहिलेकहीं राति लामो समयसम्म काम गरिरहे; उनको विचार र मन रोममा भन्दा बढ़ी फिलिप्पीमा रहेको थियो। एकदिन उनी विजयोल्लासजनक उपसंहारमा आइपुगे: '*जुनसुकै अवस्थामा म रहे*

*ता पनि सन्तुष्ट रहन मैले सिकेको छु। म होचिन जान्दछु, र भरिपूर्ण हुन पनि जान्दछु; ... भरपेट हुनु, साथै भोको रहनु ... मलाई शक्ति दिनुहुने ख्रीष्टद्वारा म सबै कुराहरू गर्न सक्छु। मसँग सब थोक छन, र भरपूर भएको छु। ... तर मेरा परमेश्वरले आफ्नो धनअनुसार महिमामा ख्रीष्ट येशूद्वारा तिमीहरूका सबै खाँचो पूरा गरिदिनुहुनेछ।'*

पहरेदारसमेत जसलाई फाट्टफुट्ट ग्रीक आउँथ्यो, अघिल्तिर झुक्यो र आँखा गाढ़ेर हेर्‍यो। के यी व्यक्ति भ्रममा परेका वा बहुलाएका थिए? यहाँ साङलामा बाँधिएको अवस्थामा बसेर पुरानो, टालो हालेको खास्टोमा गुटुमुटु भएर आफूमाथि मृत्यु जहिल्यै आइलाग्न सक्ने सम्भवनासित जिएर पनि यस संसारमा उनलाई सन्तुष्टि दिने के कुरा रहेछ? ओनेसिमसलाई पनि अचम्मित लाग्यो। के ख्रीष्ट त्यहाँ उपस्थित हुनुभएको हुनाले हरेक परिस्थिति आनन्दसहित ग्रहण गर्नु सम्भव थियो र? पावलको जीवनमा त्यस्तै देखिन्थ्यो। ओनेसिमसले यो कुरा अघि जानेको भए उसको दासतामा यसले कति फरक पारेको हुन्थ्यो?

एपाफ्रोडिटस प्रस्थान गरेको दिन एउटा उदासलाग्दो दिन थियो। तिनले विश्वासको नातामा तिनको प्रिय बाबु पावललाई फेरि यस पृथ्वीमा कहीं भेट्न पाउनेथिए कि थिएनन्, सो तिनलाई थाहा थिएन; तर स्वर्गमा पावललाई ख्रीष्टको उपस्थितिमा भेट्न झन् उत्तम आशा थियो; आँसुहरू भरेका तिनका आँखाहरू त्यही महिमित आशामा उज्ज्वल भए। अप्पिय मार्गमा ओनेसिमस र जमातका बाँकी जनहरू तिनीसँगै एकसाथ अलि परसम्म हिँड़े; किनकि ब्रुन्डिसियमको बन्दरगाह तिनको लक्ष्य थियो। सेप्टेम्बरको मीठो, चहकिलो घाम थियो, अनि उनीहरूको दुवैतर्फ सुनौला दाखबारीहरू थिए; उनीहरू निक्कै बेरसम्म हिँड़े। यहूदी कबरस्तान-नजिक एउटा सानो डाँड़ोको टाकुरामा उनीहरूले अन्त्यमा एपाफ्रोडिटसलाई परमेश्वरको हातमा सुम्पेर बिदा भए।

त्यस रात जब बत्तीको उज्यालोमा उनीहरू फेरि भेला भए, तब उनीहरूले राहत अनुभव गरे। अब चाँड़ै अल्पस्-पहाड़हरूबाट जाड़ो उर्लिएर आइलाग्नेथियो, अनि आउँदो बसन्तसम्म टाढ़ाका यात्रा गर्न सकिँदैनथ्यो। दयाले भरिँदै पावलले सानो समूहतिर हेरे।

'यस हिउँदमा मैले लुकस बेंसीका विश्वासीहरूलाई पत्रहरू नलेखी हुँदैन,' उनले भने; 'मलाई आवश्यक पर्ने शब्दहरू परमेश्वरले मलाई दिनुहुनेछ। तुकिकस, जब जाड़ो याम समाप्त हुन्छ, तब तिमी एसिया माइनरका मण्डलीहरूतिर यात्रा गर्नुपर्छ। हुन सक्छ, म पनि तिमीलाई साथ दिन्छु। निश्चय नै मेरो सुनाइ अब अझ धेरै समय लम्ब्याउन सकिँदैन।'

काम गरेर र सिकेर यी दिनहरू फटाफट बितेर गए, तर खलबलिएको सङ्कष्ट आउन लागेको थियो। सम्राटका नयाँ हितैषी टिगेल्लिनसको दुष्टताले गर्दा र नेरोको आफूप्रति बाहेक अरू कसैप्रति राखिएको निष्ठताको घोर विरोध गर्ने आतङ्कले गर्दा राजकीय घरानामा इसाईहरूको निम्ति रहन असम्भव ठहरियो। सदाचार एउटा शङ्काको विषय भयो, र ख्रीष्टको आराधना गर्नु राज–द्रोह मानियो।

एकरात एउटा सभा आयोजना गरियो, र रोममा भएका विभिन्न झुण्डका एल्डरहरू चिन्तित, अत्यासलाग्दा मुद्राहरूमा पावलको कोठा खचाखच भरिए।

'घर–घर चियो गरिन्छ, र हामी भजनहरू गाउने साहस गर्दैनौं,' उनीहरूले तर्क गरे; 'कुनै पनि दिनमा हामीलाई पक्रा पार्न सकिन्छ, र ख्रीष्टियान भएको खण्डमा कसैप्रति मामिला गर्दा न कृपा देखाइन्छ न न्याय नै गरिन्छ। हामीले शहर–बाहिर कतै भेला हुने कुनै गोप्य ठाउँ खोज्नुपर्छ। कसैले अप्पिय मार्गमा अलि पर अवस्थित भएको त्यस यहूदी कबरस्तानमा भएका ती पुराना सुरुङ्गहरूको प्रस्ताव गरेका छन्। हामीहरूमध्ये कोही राति गएर र यी उत्खननहरू जारी राख्न सक्यौं भने त हामी खतराको कुनै पनि समयमा सुरक्षासाथ त्यहाँ भेला हुन सक्नेथियौं। त्यहाँ तल, जमिनभित्रका ती सुरुङ्गहरूमा कसैले पनि हामीलाई सुन्न सक्नेछैन।'

समूहले सहमति दिएर शिर हल्लायो। यो एक बुद्धिपूर्ण योजना थियो, अनि ओनेसिमस खुशीले रमायो। किनभने ऊ आफ्ना मांशपेशीहरू प्रयोग गर्न तृषित बनिरहेको थियो, र उसको पाखुरा निको हुने बित्तिकै उसले आफ्नो भयानक शक्ति मण्डलीको सेवामा लगाउन यो एउटा अवसर थियो। ऊ शुरु गरिहाल्न उत्सुक थियो, र त्यही रात जब उनीहरू अबेर आफ्नो वासस्थानमा पुगे, तब उसले यस विषयमा यूहन्ना मर्कूससँग कुरा गर्‍यो। यूहन्ना मर्कूस मुसुक्क हाँसेर यसो भने: 'यो तिम्रा निम्ति अति राम्रो

काम हो, ओनेसिमस; अनि तिम्रो बचेकुचेको केही बल खर्च हुनेथियो। तर म त तिमीसँग लाग्न सक्दिनँ। मैले मेरो काम सक्नुपर्छ।'

'तिम्रो काम के हो, यूहन्ना मर्कूस?' ओनेसिमसले हड़बड़ाउँदै सोध्यो।

यूहन्ना मर्कूस एक लज्जालु, नम्र मानिस थिए, जसले आफ्ना कामहरूको विषयमा थोरै मात्र कुरा गर्थे; उनी प्रायः एउटा कुनामा लेख्दैथिए। तर जब उनले लेखे, तब उनका काला आँखाहरू ज्योतिझैं उज्ज्वल भए, अनि उनी अर्कै व्यक्तिमा परिवर्तित भएझैं देखिन्थे। अहिले उनी हिचकिचाए, त्यसपछि उनले एक्कासी यो प्रश्न गरे: 'म यरूशलेमको एक यहूदी कसरी यहाँ रोममा पावलसँग रहन पुगें भनेर के तिमीले कहिल्यै विचार गरेका छैनौ?'

ओनेसिमसले जवाफ दियो; 'मेरो विचारमा तिमी उनीसँगै यात्रा गर्दा–गर्दै यहाँ आइपुग्यौ। के उनी धेरै पटक यरूशलेममा गएका थिएनन् र?'

यूहन्ना मर्कूसले आफ्नो शिर हल्लाए र मुस्किलले शब्दहरू सँगाल्दै उनले भने: 'म तिमीलाई मेरो जीवनको कथा बताउँदैछु; किनभने केही हदसम्म यो तिम्रो जीवनजस्तै शुरु भयो। तीस वर्षभन्दा अघि यो कथा शुरु भयो; त्यस बेला म भर्खरको केटा थिएँ। यरूशलेममा महापूजाहारीको महलको नजिकै मेरी आमाको एउटा ठूलो, फराकिलो घर थियो। अनि आमाले घरीघरी प्रभु येशूको सेवा गर्नुहुन्थ्यो। मैले पनि प्रभुलाई प्रेम गर्थें, तर म उमेरमा साह्रै सानो थिएँ। निस्तार–चाड़को रात थियो; अनि हामी सबैलाई थाहा थियो: यस रात कुनै डरलाग्दो कुरा घटिरहेको थियो। हामीले चाड़ मनाइरहेका थियौं, अनि हामी ओछ्यानमा सुत्न जाँदा निक्कै अबेर भएको थियो। तब राति हामीले एउटा ठूलो हल्लाखल्ला सुन्यौं, एक हतियारधारी भीड़ हाम्रो झ्यालमनि त्यस बाटो भएर गइरहेको थियो; अनि मैले बाहिर हेरें र उहाँलाई देखें – ती मानिसहरूको बीचमा कैदीझैं घचेटिनुभएको, र उहाँका चेलाहरू अलि पर पछाड़िबाट त्यस बाटोमा तिनीहरूलाई पछ्याउँदै गरेका थिए। मेरो विचार के थियो भने: उनीहरूसँगै, विशेष गरी उहाँसँग खड़ा हुने मेरो जीवनको एकमात्र मौका यही हो। म जहिले पनि उहाँको चेला हुन चाहन्थें। यसैले मैले एउटा

कपड़ा लिएर आफूलाई बेह्रें र तत्कालै म उनीहरूलाई भेट्टाउन बाहिर कुदें। तर म त्यहाँ पुग्नुभन्दा केही क्षणअघि उहाँले केही कुरा भन्नुभएको थियो, जसले गर्दा हरेक क्रोधित भएको थियो। मलाई लाग्छ, एकदम शान्तसँग उहाँले तिनीहरूलाई तिमीहरूले किन मलाई पहिले पक्राउ नगरेको भनेर प्रश्न गर्नुभयो। त्यस बेला उहाँका चेलाहरूले भीड़लाई सुरिएको देखेर सबैजना भागे।'

त्यहाँ एउटा लामा सन्नाटा छायो। ओनेसिमस आफ्नो ओछ्यानमा पल्ट्यो; मर्कूस अघि बढ्न संघर्ष गर्दै आफ्ना हातहरूमाथि टाउको राख्दै बसे।

'म पनि भागें। मलाई एक्कासि खूब डर लाग्यो। मेरो जीउ बेह्रेको कपड़ा तिनीहरूले च्याप्प पक्रे, तर म डरले टकटकिएँ र यसलाई तिनीहरूकै हातमा छोड़ेर भागें। पछिबाट मैले महलको प्राङ्गणबाट चियाएर हेर्न कोशिश गरेँ, र मलाई ढुक्क भयो; किनकि मैले त्यहाँ भित्र पत्रुसलाई देखें। त्यति बेला बिहान हुन आँटेको थियो, र मलाई एउटा भाले बासेको सम्झना छ। तर जब प्रभु उनको नजिक ल्याइनुभयो, तब पत्रुसले एक्कासि उहाँदेखि आफ्नो टाउको फरक्क फर्काएर कसम खाएर भने: उनले येशूलाई अघि कहल्यै नदेखेर उहाँलाई चिनेका थिएनन्; अनि पत्रुसको त्यस भनाइले बाँकी रहेको मेरो हिम्मत हारेको थियो। म छोड़ेर आएँ। म घर गएँ, र तीन दिनसम्म मैले घर छोड्ने आँटै गरिनँ। प्रभु मर्नुहुँदा चेलाहरूमा यूहन्ना मात्र उहाँसँग थिए। मलाई लाग्यो, मेरो निम्ति जीवन अब मतलबहीन भएको थियो। म यरूशलेममै बसिरहें, र एउटा शास्त्रीको रूपमा काम गरें, अनि धेरै प्रेरितहरूलाई, विशेष गरी पत्रुसलाई देखें। उनले मलाई आफ्ना गुरुज्यूसँग बिताएका वर्षहरूको विषयमा सविस्तारसँग बताए। अनि म कहिल्यै नभएको अफसोसले दु:खित भएँ; किनभने मैले मेरो मौका गुमाएको थिएँ। मैले मेरा दाजु पर्ने बर्नबाससँग नजिकको सम्बन्ध राखें। तेह्र वर्षपछि उनले मलाई साथमा एन्टिओकमा लगे, र त्यहाँ मेरो दोस्रो मौका थियो।'

ओनेसिमले उत्सुकतासाथ आफ्नो टाउको उठाएर हेऱ्यो।

'अहँ, यो आनन्दित हुनुपर्ने कुनै कुरै होइन। म फेरि असफल भएँ। मभित्र सफलता पाउने सद्‌गुण नै रहेको रहेनछ। त्यहाँको मण्डलीले

पावल र बर्नबासलाई अन्य जातिहरूकहाँ सुसमाचार प्रचार गर्न पठाएको थियो। म उनीहरूसँगै गएँ; फेरि ख्रीष्टको सेवा गर्ने र अघिको असफलताको पूर्ति गर्ने अवसर प्राप्त गरेकोमा म खुशी थिएँ, र गर्व गर्थें। तर साइप्रसमा म त्यहाँका यहूदीहरू र त्यस डरलाग्दो जादुगरदेखि भयभीत भएँ; अनि जब हामीले पेर्गातर्फ समुद्र–यात्रा गरेर बाटो काट्यौं, तब बाटोभरि म समुद्रको यात्राले बिमारी भएँ। म एउटा शहरमा हुर्केको ठिटो थिएँ, अनि ती हिउँले भरिएका, यी डरलाग्दा उच्च पहाड़हरू जो समुद्रको किनारदेखि उठेका थिए, तिनैले मलाई तर्साए। पावलले सोझै उत्तरतर्फ तिनका दुर्गम क्षेत्रहरूहुँदो लिस्त्रासम्म जान चाहेका थिए। मलाई निश्चय थियो, कि पक्कै हामी डाँकूहरूको हातमा पर्नेछौं, अथवा ब्वाँसाहरूद्वारा चपाइनेछौं। मेरो होस गुम भयो र म फर्केर घर गएँ।'

त्यहाँ अर्को लामो मौनता छायो। चन्द्रमाको उज्यालो अचानक सानो कोठाभित्र चम्कियो, र मर्कूसको शिर उज्यालो बनाइदियो।

'यरूशलेम पुग्ने बित्तिकै मैले नमीठोसँग मेरो यस गल्तीबारे पछुतो गरें। मेरो मुटु नै फुट्ला झैं मलाई लाग्यो। दुई वर्षपछाड़ि जब उनीहरू ढुङ्गाले हानिएर, घाइते भएर र क्षतविक्षत भएर फर्के, तब मैले अर्को मौका पाऊँ भनेर सोध्ने साहस गरें, तर पावलले मेरो विन्ती इन्कार गरे। म एउटा जिम्मा–त्याग गर्ने, असफल व्यक्ति थिएँ; अनि ख्रीष्टको सेनामा मजस्तो हुनेलाई कुनै ठाउँ थिएन। बर्नबासको विचारमा पावल कठोर र अन्यायी थिए; अनि तिनले मलाई साथमा साइप्रसमा लगे र मेरो निम्ति साह्रै असल थिए; तर मलाई लाग्छ, पावलको विचार ठीक थियो। ख्रीष्ट आफैले भन्नुभएको छः *आफ्नो हात हलोमा राखेर पछल्तिर हेर्ने कोही पनि परमेश्वरको राज्यको निम्ति लायकको हुँदैन*।'

'अनि त्यसपछि ?' ओनेसिमसले सोध्यो।

'पत्रुसले मलाई बताएको एउटा कुराले मलाई आशा दिलायो। उनले प्रभु येशूलाई यसरी तीन पल्ट इन्कार गरिसकेपछि उनले कसरी यस्तो शक्तिसाथ प्रचार गर्न सक्थे, मलाई सदैव अचम्म लागिरहेको थियो। अनि एकरात जब म ज्यादै आशारहित भएँ, तब मैले उनलाई यस विषयमा प्रश्न गरें। उनले मलाई यसो बताएः उनले प्रभुलाई इन्कार गरेपछि उनी उहाँतिर

फर्के र आफ्ना स्वामीलाई आफूतिर हेरिरहनुभएको देखे; त्यस दृश्यले उनको हृदय छिया–छिया पाऱ्यो। उनले सबै छोड़ेर फेरि आफ्नै माछा मार्ने काममा फर्के; किनकि ख्रीष्टसँग जिउने जीवन समाप्त भएको थियो भन्ने उसलाई लागेको थियो। तर एकदिन बिहान सबेरै उनीहरू आफ्ना जालहरूको साथमा डुङ्गामा किनारतिर आउँदै गर्दा बौरिउठ्नुभएको प्रभु समुद्र–तटमा आएर आगो बाल्नुभयो। अनि जसरी पत्रुसले उहाँलाई त्यस अँध्यारो रातमा त्यस आगोनेर तीन पटक इन्कार गरेका थिए, ठीक त्यसरी नै प्रभु झिसमिसे बिहानीमा आएर अर्को आगोको छेउमा बस्नुभयो र उनलाई उनले भनेका सबै कुरा फिर्ता लिने मौका दिनुभयो। तीन पटक उहाँले उनलाई ''म तपाईंलाई प्रेम गर्छु'' भनेर भन्न लगाउनुभयो। उहाँको प्रेमले उनले पहिले बोलेका झूटहरू मेटाउन सक्दछ भएझैं। तर कुरा यस्तो छः जहाँ उनी चुकेका थिए, उनी त्यस ठाउँमा फर्केर जानुपरेको थियो, र प्रभुलाई इन्कार गर्दा भनेको कुरा फिर्ता लिनुपरेको थियो।'

'त्यसमा थप कुरा धेरै त छैन,' मर्कूसले भने; 'तर मलाई लाग्यो, शायद म पनि त्यस्तै गर्न सक्छु होला। जुन बेला पावल खतरामा परेका थिए र मेरो सेवाको खाँचो थियो, त्यस बेला मैले उनलाई त्यागें; यसैले जब मैले उनी झ्यालखानामा परेर सुनाइ पर्खिरहेका छन् र शायद मृत्यु–दण्ड पाउन सम्भव थियो भन्ने कुरा सुनें, तब मैले उनीकहाँ आउने र आवश्यक परेमा, अन्त्यसम्म उनलाई साथ दिने निर्णय गरें। उनी साह्रै दयालु थिए, मलाई ग्रहण गरे र बिगत मेरो भूलचूक क्षमा गरिदिए। यहाँ आएर पर्खनुबाहेक गर्नुपर्ने अरू धेरै काम केही पनि छैन; यसैले पत्रुसले प्रभुसँग बिताएका ती तीन वर्षभित्र जे–जे घटेको थियो, त्यस सम्बन्धमा उनले मलाई बताएका सबै कुराहरू लेख्न म कोशिश गरिरहेको छु। किनभने म एक असफल सेवक थिएँ, जो काम छोड़ेर फर्क्यो, तर उहाँ कहिल्यै फर्कनुभएको थिएन, तर परमेश्वरको विश्वासयोग्य सेवक हुनुहुन्थ्यो। यसैले यस प्रकारको दृष्टिकोण लिएर उहाँको विषयमा जीवनी लेख्नु मेरो निम्ति उचित छ। कहिलेकहीं जब म उहाँको विषयमा लेख्दछु, तब म उहाँसँगै एक भएको अनुभव गर्छु, र मेरो लक्ष्यतर्फ डोऱ्याइएको महसुस गर्छु। मलाई के लाग्छ भने जुन कुरामा म असफल भएको थिएँ,

उहाँले ती सब क्षेत्रमा काम सफलतापूर्वक पूरा गरेर छोड्नुहुनेछ, र उहाँमा म अझ कुनै न कुनै असल काम पूरा गरेर छोड्ने नै छु।'

ओनेसिमस आफ्नो कुइनाको टेको लिएकोबाट उठ्यो। 'यूहन्ना मर्कूस,' उसले धोत्रे स्वरमा सोध्यो; 'तिमीले मलाई यी सब कुरा किन बतायौ ?'

यूहन्ना मर्कूसले दृढ़ भएर भने: 'किनभने हामी जुन ठाउँमा असफल भएका थियौं, त्यस ठाउँमा हामी नफर्केसम्म र यो कुरा ठीक नपारेसम्म हाम्रो आत्मिक जीवनमा केही प्रगति होला जस्तो मलाई लाग्दैन।'

उनी सुत्न पल्टिए, तर ओनेसिमसले आफ्नो ओछ्यानमा यताउता गरिरह्यो। जहाँ ऊ चुकेको थियो, त्यहाँ फर्केर जानु र त्यसलाई मिलाउनु! फेरि दासतामा, बेइज्जतीमा र दण्डमा फर्केर जानु! के सब कुरा यतिमै टुङ्गो हुनेथियो ?

अनि दासता फर्केर जाने कुरा मात्र होइन। एकरात उसले एपाफ्रासज्यूलाई उनले सानी टुहुरी आइरीन् मैयाँको केही खबर सुनेका थिए कि भनेर सोध्ने आँट गरेको थियो; त्यत्ति बेला उसका लाजले तातिएर राता भएका गालाहरू कसैले नदेखून् भनी ऊ अँध्यारोमा बस्यो। तब एपाफ्रासले विनम्र तवरले उसलाई यसो जवाफ दिएका थिए: तिनले धनी निवेदकहरूका सबै विवाहका प्रस्तावहरू इन्कार गरिदिएकी थिइन् अनि अझ एक्ली र स्वतन्त्र थिइन्। तिनको राम्रो जन्म र खानदानी स्तर भए तापनि तिनले आफ्नी बाबुको गोठाला र उसकी पत्नीसँगै बसिरहने अड्डी लिएकी थिइन्। उसले तिनलाई ख्रीष्टको शिक्षा दिएकी थिई र तिनलाई लओडिसियाको मण्डलीमा ल्याएकी थिई। तिनी एउटी गोठाल्नी भएर जीवन बिताउँथिन् र तिनको पैतृक-सम्पत्तिको ठूलो हिस्सा तिनीजस्तै टुहुरा केटाकेटीहरूको निम्ति तिनले खर्च गरेकी थिइन्, जो घरविहीन छोड़िएका थिए र भूकम्पमा टुहुरा भएका थिए।

एउटा ख्रीष्टियान भएर र एउटा स्वतन्त्र मानिसको रूपमा आनेसिमस फर्किजान र तिनलाई दाबी गर्न सक्थ्यो; तर एउटा दासको रूपमा भने यसो गर्न कदापि सक्दैनथ्यो। ख्रीष्ट एक कठोर शिक्षक हुनुहुन्थ्यो; तर पावल, मर्कूस र तिमोथी जस्ता मानिसहरूले उहाँको सेवाबाट स्वतन्त्र

हुन कहिल्यै प्रयत्न गरेका थिएनन्। अघि बढ्नु कठिन थियो। पछि हट्नु असम्भव थियो।

उसले आफ्नो मुहार तकियामा गाड्यो र उसको बल्झिरहेको हृदयबाट दबिएर पावलले पनि सोधेको यो प्रश्न निस्क्यो: 'प्रभु, तपाईं मैले के गरेको चाहनुहुन्छ?'

# २३

केही महिनापछि मे महिनाको एउटा चहकिलो बिहानीमा दुईजना यात्रीहरू लओडिसियाको पर्खालहरूमन्तिरबाट भएर गए र त्यो शहर आफ्नो पछिल्तिर छोड़िराखे। उनीहरू बिस्तारै हिँड़े – तुखिकस वृद्ध भएका र एउटा लामो यात्राको टुङ्गोमा आइपुगेका कारणले, र ओनेसिमसचाहिँ आफ्नो हृदय सिसाजत्तिकै गह्रौं भएको कारणले।

उनीहरूले पावलबाट बिदा लिएको त्यस बिहानीदेखि वर्षौं बितेझैं लाग्दैथियो। पावल अझ साङलाले बाँधिएको अवस्थामा छोड़िएका थिए। कुरा स्पष्ट थियो: सम्राटले उनको सुनाइको कुनै वास्ता नराखी बिलकुलै बिर्से। पावल आशावादी थिए, र छिट्टै स्वतन्त्र भई  उनीहरूकहाँ आउने कुरामा निश्चित थिए। तर ओनेसिमसलाई यस्तो आशाको कुनै झलक महसुस गर्न सकेको थिएन, अनि जब बिदा लिने दिन आयो, तब उसलाई उसको हृदय फुट्ला झैं भयो।

इटालीका बसन्तको सारा सुन्दरताले आफ्ना फूलैफूलले भरिएका फलफुलका बोटहरूसित साथै लिली, नरगीस र पदमफूलले भरिएका पाखाहरूसित उसलाई रोमान्चित पार्न असफल भएको थियो; अनि लामो समुद्र–यात्राका कामविहीन घड़ीहरू उसको निम्ति ताड़ना बनेका थिए। एफेससमा उनीहरू एक हप्ताभन्दा बढ़ी बसेका थिए; अनि त्यहाँका ख्रीष्टियानहरू आफूमाथि आइलागेका हूलदङ्गा र सतावटहरू भए पनि विश्वासमा अघि बढ़िरहेका थिए। तिनीहरूले उनीहरूलाई आनन्दको साथ स्वागत गरेका थिए, र रातपछिका रातहरूमा पावलले तिनीहरूलाई लेखेको

पत्र सुन्न र यसको छलफल गर्न भेला भएका थिए। यो चिट्ठीचाहिँ एउटा लामो परिपत्र थियो; यसलाई हिरापोलिस, लओडिसिया र कलस्सेमा पनि फेरि पढ़िनुपर्थ्यो; अनि त्यस पत्रका शब्दहरूले ओनेसिमसलाई स्थिर गराएको थियो र केही प्रकाश र सान्त्वना ल्याएको थियो। अहिले जब उसले सांसारिक प्रेमलाई कहिल्यै नबिउतिने गरी परित्याग गरिसकेको थियो, तब ज्ञानलाई माथ गर्ने ख्रीष्टको प्रेमको सम्झना ताजा गराएको कति उत्तम थियो। उसको डर र विद्रोहको विरोधमा संघर्ष गर्दै मुक्तिको टोप, विश्वासको ढाल र आत्माको तरवारको विषयमा सुन्नु सान्त्वनादायक थियो। अनि अहिले पनि उसको मुटु चस्स–चस्स दुखेको र डरले गर्दा उसका ओठहरू सुक्खा भए पनि उसभित्र अनौठो शान्ति थियो। उसले आज्ञापालन गरेर यहाँ आएको थियो र यस आज्ञापालनका नतिजाहरू उसले आफ्नै प्रभुको हातमा छोड्न सक्थ्यो।

'मेरो विचारमा, मध्यान्हको लगत्तै हामी त्यहाँ पुग्नेछौं,' तुखिकसले भने, जसले राजमार्गको दायाँ हातपट्टि निस्केर डाँड़ाहरूतर्फ भिरालो उकालो लागेको सानो बाटोमाथि आँखा तन्काएर हेर्दथिए; 'कलस्सेमा केही समय विश्राम गर्न पाए म कति आनन्दित हुनेछु। यो त निक्कै लामो यात्रा भयो।'

'के आज राति तपाईंले उनीहरूलाई पत्रहरू पढ़ेर सुनाइदिनुहुनेछ, दाज्यू तुखिकस?' आफ्नो चाल धीमा गर्दै ओनेसिमसले सोध्यो; किनकि बूढ़ा मानिस लखतरान देखिन्थे।

'मलाई लाग्छ, विश्वासीहरू आज रात कलस्सेमा भएको मण्डलीलाई लेखेको पावलको पत्र सुन्न भेला हुनेछन्। म प्रार्थना गर्दछु, तिनीहरूले यसको अर्थ बुझेर हृदयले ग्रहण गर्न सकून्। एफेसीहरूलाई लेखिएको पत्रचाहिँ होस्, त्यो पर्खन सक्छ; किनकि यो सामान्य रूपले लेखिएको छ र सबैलाई सम्बोधन गरिएको छ। तेस्रो पत्रचाहिँ व्यक्तिगत छ, र व्यक्तिगत मामिलाको सम्बन्धमा व्यवहार गर्छ।'

'तेस्रोचाहिँ?' छक्क पर्दै ओनेसिमसले प्रश्न गर्‍यो; 'तपाईंले तीनटा पत्र बोक्नुभएको छ भन्ने मलाई थाहै थिएन।'

'हो, पावलको तर्फबाट एउटा व्यक्तिगत पत्रचाहिँ फिलेमोनको निम्ति छ। यो मण्डलीमा पढ्नको निम्ति होइन। यसले केही व्यक्तिगत ममिलासित व्यवहार गर्छ, र उनीसँग मात्र सम्बन्धित छ।'

केही समयसम्म उनीहरू चुपचापसित उकालो चढ़िरहे। चाँड़ै उनीहरू तल्लो फाँटमा पुग्नेथिए, जहाँबाट ओनेसिमसले उँभो हेरेर कलस्सेको छेउ, खोचहरू अनि सयपत्रि र डेसी फूलहरूले भरिएका चरनहरू देख्नेथियो, जहाँ फिलेमोनका भेड़ाहरू चढ़्थे। अघिबाटै उसले हुर्केका पाठाहरूका भ्या–भ्या, भेड़ीहरूका म्याँ–म्याँ र खोलाको कलकल सुन्न सक्थ्यो, जहाँ सानो केटा हुँदा ऊ खोल्न मन पराउँथ्यो। रोममा हुँदा उसले कहिलेकहीं यी दृश्य र आवाजहरूको कति बेसी तिर्सना गरेको थियो। अहिले तिनैले उसलाई डर र अनिष्ट पूर्वसूचनाले भरेका थिए।

'हे प्रभु येशू,' उसले सुस्तरी स्वरमा भन्यो; 'मलाई साहस दिनुहोस्, र मेरो सजाय मैले खप्न सक्ने भन्दा बेसी नहोस्!' अनि यसै क्षणमा फेरि एफेसीहरूको निम्ति लेखिएको पत्रका केही शब्दहरू उसको सम्झनामा आए र यी शब्दहरूले उकालो लाग्दा उनीहरूका पदचापहरूको तालमा मिलेर आफै–आफ भाका निकालेर बजिरहे: *'हामीले मागे वा सोचे सबै कुराभन्दा पनि बढ़ी गर्न उहाँले सक्नुहुन्छ, उहाँले अत्यन्तै बढ़ी गर्न सक्नुहुन्छ।'*

उनीहरू दोस्रो डाँड़ा भएर उक्लँदै थिए, र त्यस गोरेटोबाट आए, जो शहरभित्र पसेन, तर खोचहरूको फेदीमा अवस्थित फार्ममा पुर्‍याएको थियो। एउटा अग्लो पीपलको रूखको सियालमा ओनेसिमस टक्क अड़ियो।

'तुखिकस दाज्यू,' उसले भन्यो; 'यहाँदेखि तपाईं एक्लै हिँड्दै गर्नुहोस्! म यहाँ यस रूखमनि पर्खेर बस्छु। म आएको छु भन्ने कुरा मालिक फिलेमोनलाई भनिदिनुहोस्! म पश्चात्तापी भई प्रभुबाट पापको क्षमा पाएर मेरो दासतामा फर्केको छु, र उहाँलाई जुन सजाय दिन उपयुक्त लाग्छ, सो सहन आएको छु। उहाँले मलाई ग्रहण गर्नुभयो भने उहाँ यहाँ मसँग एक्लै बोल्ने विन्ती चढ़ाएर मेरो तर्फबाट कृपा मागिदिनुहोस्!'

तुखिकस हिचकिचाए, अनि ओनेसिमसले उनका विचारहरू बुझिहाल्यो।

'म भाग्नेछैनँ, तुखिकस दाज्यू,' उसले भन्यो; 'अहिले यहाँसम्म मैले ख्रीष्टलाई पछ्याएको छु; तब के म अहिले भागिजाऊँ? निश्चय नै मेरा मालिकले मलाई यहीं पखिरहेको भेट्टाउनुहुनेछ।'

'ठीक छ, मेरो छोरा,' तुखिकसले जवाफ दिए, र त्यहाँबाट तिनी एक्लै अघि बढ़े। ओनेसिमसले तिनलाई फार्म–क्षेत्रतिर अलप भएका देख्यो; त्यसपछि आफ्नो टाउको आफ्ना हातहरूमा लुकाउँदै ऊ बस्यो र पर्ख्यो। उसको यो प्रश्न थियो: के फिलेमोनले आफै आउन मञ्जुर गर्लान्? यो असम्भव थियो। शायद उनले केही दासहरू उसलाई साङ्लाले बाँध्न र एउटा भगुवा चोरको योग्य चालमा उसलाई भित्र ल्याउन पठाउनेथिए होला। हुन्छ, जे भए पनि, त्यसको निम्ति ऊ तयार थियो; किनभने ख्रीष्ट उसलाई साथ दिन उसको छेउमा खड़ा हुनुहुनेथियो। फेरि एकपल्ट त्यो बयान गर्न नसकिने शान्तिको स्पर्श उसले ख्याल गऱ्यो।

पदचापहरू नजिकै आउँदैथिए। दासहरूका आतुर पदचापहरू होइनन्, तर सुस्त, खच्याकखुचुक गरिएका पदचापहरू – तिनलाई उसले राम्रोसँग चिन्यो। उसले आँखा उठाएर हेर्न सक्दैनथ्यो; किनकि उसको निम्ति यो नै सबभन्दा गाह्रो अग्नि परिक्षा हुन गइरहेको थियो।

'ओनेसिमस!' अर्खिपसको हात उसको काँधमा परेको थियो; 'के तिमी फर्केर आयौ? ग्लाउकसले हामीलाई तिमी त मऱ्यौ भनी बताएको थियो, अनि तिम्रो निम्ति मैले कति विलाप गरें। तुखिकसले मेरा बुवालाई बताउँदै गर्नुभएको मैले सुनें। मलाई लाग्यो, उहाँ छिट्टै तिमीकहाँ आउँदै हुनुहुन्छ; तर मैले तिमीलाई नभेटी थाम्न सकिनँ। उहाँहरू आपसमा कुरा गर्दै गर्नुहुँदा म सुत्त यहाँ आएँ। ओहो, ओनेसिमस, तिमीलाई देख्न पाउँदा म कति आनन्दित भएको छु।'

'जब तपाईंले सत्यता थाहा पाउनुहुन्छ, तब तपाईं आनन्दित हुनुहुनेछैन,' ओनेसिमसले रूखो स्वरमा भन्यो; 'अनि अहिले नै म तपाईंलाई कुरा बताइहाल्छु, अर्खिपस। मेरै कारणले गर्दा तपाईं लङ्गड़ो हुनुभएको हो। मैले तपाईंलाई घृणा गर्दथें; अनि मैले भीड़लाई तपाईंका बुवाले पुस्तकहरू जलाउनुभएको हो भनेर बताइदिएँ। साँच्चै, तपाईंलाई ठूलो चोट पार्ने मेरो मनसाय थिएन, तर नीलडाम भएको आँखा दिने मात्र थियो, तर मैले सबै शुरु गरें। म नभएको भए तपाईं आज सीधा र सामर्थी भई हिँड़िरहनुहुनेथियो।'

त्यहाँ एउटा स्तब्धतापूर्ण मौनता छायो। यो समाचार पचाउन अर्खिपसलाई केही समय लाग्यो; त्यसपछि तिनी अलिक हाँसे।

'तिमीले मलाई घृणा गरेको पनि कारण थियो, ओनेसिमस। मैले तिमीलाई दुर्व्यवहार गर्थें; अनि त्यो एक पटक मात्र होइन, तर हरेक दिन मैले तिमीलाई होच्याउँथें। म लङ्गड़ो नभएको भए म अझ रवाफसित र पापमा जिउँथें होला। म कहिलेकहीं विचार गर्छु, म त यब्बोक खोलाको याकूबजस्तै छु। मैले उहाँको नाम चिन्न सक्नु अघि मेरो तिघ्रो फुस्किनुपर्दथ्यो। तिमी घर आएकोमा म अझ आनन्दित छु।'

उनीहरू फेरि चुपचाप भए; अर्खिपससित अरू भन्ने केही पनि कुरा थिएन, अनि ओनेसिमस प्रेम, आभार र सान्त्वनाले पराजित भएको थियो। तब अर्खिपस अचानक बिस्तारै बोल्योः 'मेरो बुवा।'

अग्ला र गम्भीरपूर्वक आफ्नो हातमा एउटा चर्म–पत्र लिएर उनी डाँड़ा–तलतिर बिस्तारै आइरहेका थिए। ओनेसिमस उनलाई भेट्न उठ्यो र उनको सामु भुइँमा घुप्टो पर्‍यो।

'उठ्!' फिलेमोनले भने; 'हामीले तँलाई मरेको ठान्यौं र तेरो निम्ति विलाप गर्‍यौं। मलाई लाग्छ, तैंले त्यो पैसा लिएर रोमतिर भागिस्। मलाई भन्, तँ किन फर्केर आइस्?'

'मेरो पाप मानिलिन र पापको निम्ति प्रायश्चित गर्न म आएको हुँ; मेरो पाप तपाईंले जान्नुभएको भन्दा बढ्ता छ। तपाईंको सुन तपाईंलाई फिर्ता दिन र आफैलाई फेरि तपाईंको हातमा तपाईंको दास र तपाईंको सम्पत्तिको रूपमा सुम्पन म आएको हुँ; तपाईंले मसित जे गर्न चाहनुहुन्छ, त्यही गर्नुहोस्!'

'त्यो त राम्रो हो,' फिलेमोनले भने; 'तर तैंले वास्तवमा मेरो प्रश्नको उत्तर दिएको छैनस्। तँ *किन* फर्केर आइस्?'

'किनभने प्रभु येशूले मलाई फर्केर जाने आज्ञा गर्नुभएको छ। शुरुमा मैले उहाँको स्वर दबाएँ, तर मैले कतै शान्ति पाइनँ; यसैले म आएँ।'

'तिमीले राम्रो गर्‍यौ, बस, र हे मेरो छोरा अर्खिपस, तिमी पनि बस! मसँग ख्रीष्टमा हाम्रा प्रिय बाबु पावलको एउटा पत्र छ। आओ, हामी यो सँगै पढौं!'

यस पाखामा एकदम सुनसान थियो। जब यी अनुग्रही वचनहरू प्रथम पटक त्यस दोषी दासका अचम्मित कानहरूमा गुँजिए, तब भेड़ाका पाठाहरूले समेत आफ्नो भ्या–भ्या बन्द गरेझैं शान्त भयो। अनि यी

वचनहरू शताब्दीऔंदेखि आजको दिनसम्म नयाँ नियम बाइबलभित्र साँचिएर राखेका छन्।

'येशू ख्रीष्टको कैदी पावल, ... हाम्रा प्रिय फिलेमोनलाई ... म तिमीलाई मेरो छेरा ओनेसिमसको निम्ति विन्ती गर्दछु, जसलाई मैले मेरो नेलजेलमा जन्माएको हुँ, जोचाहिँ एक समय तिम्रो निम्ति काम नलाग्दो थियो, तर अब ता तिम्रो निम्ति साथै मेरो निम्ति कामलाग्दो भएको छ; ... अब एउटा दासजस्तै होइन, तर दासभन्दा बढ़ता, एउटा प्यारो भाइजस्तो उसलाई ग्रहण गर! ... मलाई जस्तै गरी उसलाई ग्रहण गर! उसले तिमीलाई केही खराबी गरेको छ भने अथवा उसलाई तिम्रो केही ऋण लागेको छ भने, सो मेरो हिसाबमा लेखिदेऊ; म पावलले आफ्नै हातले यो लेखेको हुँ – म यो तिर्नेछु; ...।'

केही शब्द अघि बढ़ेपछि पत्र टुङ्गियो।

'अच्छा, यो त तिमीलाई स्वतन्त्र गराउने अधिकार–पत्र रहेछ,' मुसुक्क हाँस्दै फिलेमोनले भने; 'म कुनै कुरा पनि पावललाई इन्कार गर्न सक्दिनँ। ओनेसिमस, पावलको खातिर म तिमीलाई माफ दिन्छु, साथै तिमीलाई तिम्रो स्वतन्त्रता पनि दिन्छु। तिमी मेरो घरभित्र पस्दा तिमीलाई एउटा दासको रूपमा होइन, तर ख्रीष्टमा एउटा भाइको रूपमा स्वागत गरिन्छ; साँच्चै तिमी अहिले दुईपल्ट स्वतन्त्र भएछौ।'

तीन दिनपछि सूर्योदय हुनुभन्दा निक्कै सखारै, जब ऊ ओरालो बाटो लाग्यो, तब उसका कानहरूमा *'तिमीले मागेका वा सोचेका सबै कुराभन्दा अत्यन्तै बढ़ी उहाँले गर्न सक्नुहुन्छ'* भन्ने शब्दहरू गुँजिएका थिए। उसलाई के लाग्थ्यो भने प्रभातमा प्रथम चराहरूले हल्लेलुयाह गाउँदै कराइरहेका र खोलाले पनि आफ्ना सृष्टिकर्ताको स्तुति–प्रशंसामा कलकल गरिरहेका थिए। *'तिमीहरू आनन्दसाथ निस्कनेछौ र शान्तिमा डोऱ्याइनेछौ। पहाड़ र डाँड़ाहरूले तिमीहरूको सामु उच्च सोरले गाउनेछन् अनि वनका सबै रूखहरूले ताली बजाउनेछन्।'* यी शब्दहरू शताब्दीऔं अघि लेखिएका थिए; तर के ओनेसिमसको जस्तो ठूलो रमाहटसित कहिल्यै गृष्म ऋतुको बिहानीमा कोही निस्किएको थियो र?

फटाफट हिँड़ेर उसले यी माइलहरू चाँड़ै पार गरे। लओडिसियाको प्रवेश–द्वारभित्र पस्दा उसले त्यहाँका मानिसहरूले बिगत तीन वर्षमा पूरा

गरेका कार्यहरूमा अचम्म मान्यो। जहाँ भग्नावशेष र ढुङ्गामाटोका रासहरू पल्टिरहेका थिए, त्यहाँ अहिले सफा र फराकिला सड़कहरूमा सुन्दर घरहरू खड़ा हुन थालिसकेका थिए। यस्तो भनिन्थ्यो: रोमले प्रकोपित शहरको निम्ति सहायताको प्रस्ताब पठाएको थियो रे; तर लओडिसियाका नागरिकहरू पूर्णत: आत्मनिर्भर थिए। 'हामी धनी छौं, कामधान्यमा उन्नति गरेका छौं, र हामीलाई केही कुराको पनि खाँचो छैन' भन्दै उनीहरूले घमण्डसाथ जवाफ दिएका थिए।

ऊ पुनर्स्थापित भएको हिरापोलिस–द्वारनेर पुगेको थियो, र त्यहाँ एक्कासि टक्क अड़ियो। उकालोमा आइरीन् शहरतर्फ बिस्तारै हिँड्दै आइरहेकी थिइन्; किनभने तिनका हातहरूमा र तिनको कुर्तामा तीनचारजना ससाना नानीहरू झुण्डिरहेका थिए। घाम पूर्वी उच्च पहाड़हरूबाट उदायो र यसका प्रथम किरणहरू तिनको निहुरिएको शिरमा खसेका थिए, अनि तलबाट फूलहरूले तिनलाई हेरेझैं आफ्ना मुहारहरू खोल्दैथिए। घाँसमा अझ चाँदनी शीतका थोपाथोपा लपक्क रहिरहेको थियो। प्रवेश–द्वारमा उभिरहेको केटालाई अदनको बगैंचामा भएको पहिलो बिहानीजस्तै लाग्यो।

'त्यहाँ एकजना मानिस तपाईंलाई पर्खिबस्नुभएको छ,' एउटा नानीले भन्यो। तिनले झटपट हेरिन्। तिनका गालाहरूको रातो लाली र तिनका नयनहरूको चमकबाहेक तिनले कुनै आश्चर्य प्रकट गरिनन्। किनकि एक प्रकारले ऊ सदैव तिनको साथमा थियो। तिनले आफ्ना पाइला चलाइन् र सोझै ऊकहाँ आइन्; अनि शीतमा मसिना पदचिन्हहरू छोड्दै ससाना केटाकेटीहरू तिनीसँगै रहन दौड़िए।

'तिमीसँग अनुग्रह र शान्ति रहोस्, आइरीन् मैयाँ,' उसले विनम्र भावमा भन्यो; 'मैले मेरो वचन पूरा गरेको छु, र एउटा स्वतन्त्र मानिस र ख्रीष्टको एक चेला भई तिमीकहाँ फर्किआएको छु।'

तिनले ऊतर्फ आँखा उठाइन्, र तिनको अनुहार यस बिहानीजस्तै रौनकपूर्ण थियो। 'तिमी आउनेछौ भन्ने कुरा मलाई थाहा थियो,' तिनले भनिन्। अनि ती केटाकेटीहरू एकत्र गरेर उनीहरूले शहरलाई छोड़े र हातमा हात मिलाएर सूर्योदय र हिरापोलिसका डाँड़ाहरूतिर बाटो लागे।